८ असार, २०७७

# दैनिक गतिविधि

फोन नं. ०६१-५२०३९०
PHEOC: ०६१-५२४०७४
फ्याक्सः ०६१-५२०३३०
टोल फ्री न. १०९२

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल



स्वास्थ्य कार्यालय, मुस्ताङको आयोजनामा आज स्वास्थ्य कार्यालय, मुस्ताङको सभाकक्षमा Case Investigation & Contact Tracing (CICT) सम्बन्धि एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । मुस्ताङ जिल्लाका सबै गाउँपालिकाहरुका स्वास्थ्य संयोजक र CICT Team का सदस्यहरु सहभागी रहेको उक्त कार्यक्रम स्वास्थ्य कार्यालय, मुस्ताङका प्रमुख टिकाराम भण्डारीको अध्यक्षता रहेको थियो । प्रमुख अतिथिको मन्तव्य मुस्ताङ जिल्लाका समन्वय प्रमुखले राख्नु भएको थियो । अतिथिको मन्तव्य प्रमुख जिल्ला अधिकारीले राख्नुभएको थियो । कार्यक्रमको उद्धेश्यबारे स्वास्थ्य निर्देशनालयका नानीबाबु दानिले प्रस्तुतीकरण राख्नुभएको थियो । अभिमुखीकरणको सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरामा कार्यरत नवराज शर्मा, नानीबाबु दानी र WHO का प्रतिनिधि डा. राजीव लालचनले गर्नुभएको थियो भने कार्यक्रम संचालन स्वास्थ्य कार्यालय, मुस्ताङका प्रकाश शर्मा गर्नु भएको थियो । डा. राजीव लालचनले A0, A1, B1 फारमहरु र नेपाल सरकारले लागु गरेका नयाँ Protocol को बारेमा जानकारी गराउनु भएको थियो । यसका साथै स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशबाट हुने सुचनाको संकलन र प्रशारणको बारेमा जानकारी मुस्ताङ जिल्लाका स्वास्थ्य संयोजकहरुलाई दिईएको छ । प्रदेशभित्र कसरी स्वास्थ्य क्रियाकलाप सूचना प्राप्त हुन्छ, कसरी त्यसको प्रमाणीकरण गरिन्छ र त्यसको कसरि सम्बन्धित निकायसम्म पुराईन्छ भन्ने बारेमा प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रका संयोजक तथा स्वास्थ्य शिक्षा प्रशिक्षक नबराज शर्माले आफ्नो प्रस्तुतीकरण दिनुभएको छ । जिल्ला देखि स्थानीय निकायमा भएगरेका क्रियाकलापहरुको जानकारी स्वास्थ्य कार्यालय मार्फत वा सिधै स्वास्थ्य निर्देशानालयलाई पठाउन समेत आग्रह गर्नुभएको छ । कार्यक्रमको अन्त्यमा समापन मन्तव्य राख्दै स्वास्थ्य कार्यालय, मुस्ताङका प्रमुखले मुस्ताङ जिल्लामा पहिलो संक्रमण आएपछि Contact Tracing को काम कसरी शुरु गरियो भन्ने बारेमा जानकारी दिनुभएको छ । कार्यक्रममा जिल्ला अस्पतालका प्रमुख डा. शिव भण्डारीको पनि उपस्थिति थियो ।

## पछिल्ला तथ्यांक

**नेपालमा :**

५५६१
संक्रमित
२३
मृत्यु भएका
२१४२
निको भएका

**गण्डकी प्रदेशमा**

८७५१
नमुना संकलन गरिएको
६९१९
संक्रमण नदेखिएको (PCR)
५४०
संक्रमण देखिएको (PCR)
१
मृत्यु भएका
१३२८
नतिजा आउन बाँकी (PCR)
५५
निको भएका

**गण्डकी प्रदेशमा लिङ्ग अनुसार कोभिड-१९ का तथ्याङ्क**

कुल संक्रमित पुरुष : ४९९

कुल संक्रमित महिला : ४१

अध्यावधिक मिति : २०७७/03/0८
समय : बेलुका ६:00 बजे

**स्याङ्जा जिल्ला भिरकोट नगरपालिका, हेलु स्थित कालिका सामुदायिक अस्पतालको आइसोलेसन कक्षबाट १४ जना कोभिड-१९ संक्रमितहरु आज निको भइ डिस्चार्ज भएको छ ।**



२०७७ आषाढ ७ गते विश्व योग दिवसको उपलक्ष्यमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तनहूँद्वारा भानु नगरपालिकाको दुबै क्वारेन्टाईन शारदा कलेज र भानु संस्कृत मा.वि.मा योग, व्यायाम, तनाव व्यवस्थापन, मनोपरामर्श र रोग प्रतिरोधी क्षमता शक्ति प्रदान गर्ने खालका गुडुचि, अश्व गन्धा चूर्ण वितरण गरिएको थियो ।

**घरमै बसौं, सुरक्षित रहौं**

**साबुन पानीले मिचिमिचि हात धोऔं ।**

**मास्क र स्यानीटाइजरको प्रयोग गरौं।**

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा